नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

(मिति:२०७६/१२/०९)

**जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव:

१। नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्थाका सम्बन्धमा,

२। सामाग्री खरिद गरी मौज्दात राख्नेबारे,

३। विदेशबाट आई जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको विवरण राख्नेसम्बन्धी,

४। आकस्मिक भू-संरक्षण कार्यक्रममार्फत खर्च गर्ने सम्बन्धमा,

५। आगलागी पूर्व तयारी तथा प्रतिकार्य योजना तयारी सम्बन्धमा,

६। एकीकृत सिद्धिचरण नगरपालिका जलस्रोत व्यवस्थापन आयोजना सम्बन्धमा ।

निर्णय:

१। विश्वभर फैलिरहेको नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्थाका सम्बन्धमा यस अघि मिति २०७६ फागुन २२ गते सिद्धिचरण नगरपालिकाका प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बैठकले गरेको ७ बुंदे निर्णय, मिति २०७६ चैत्र ६ गते जिल्ला समन्वय समितिका प्रमुख श्री जयबहादुर श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बैठकले गरेको ४ बुंदे निर्णय र मिति २०७६ चैत्र ७ गते प्रमुख जिल्ला अधिकारी श्री गणेश आचार्यज्यूको अध्यक्षतामा बसेको बैठकले गरेको ७ बुंदे निर्णयको सबै सरोकारवाला पक्षहरुले निरन्तर कार्यान्वयन गर्ने र प्रस्तावित क्वारेन्टाइन क्षेत्रमा आवश्यक पर्ने स्वास्थ्यसम्बन्धी जनशक्तिको व्यवस्थापन सिद्धिचरण नगरपालिका र जिल्ला स्वास्थ्य कार्यालयले गर्ने । साथै जिल्लाको संभावित जोखिमको अवस्थालाई विश्लेषण गर्दै आवश्यकतानुसार श्री सगरमाथा जनता मा.वि.,जालपा मा.वि., शुभलक्ष्मी बोडिङ्ग स्कूल, सोब्रु बोडिङ्ग स्कूल, युवावर्ष आधारभूत विद्यालय, ब्याडमिन्टन कभर्टहल, लाली गुरास बोडिङ्ग स्कूल, बरुणेश्वर मा.वि (रामपुर), नारायणस्थान मा.वि.,रुम्जाटार मा.वि.लगायतका स्थानहरुमा क्वारेन्टाइन क्षेत्र विस्तार गर्दै जाने ।

२। ओखलढुङ्गा जिल्लाका ८ वटै स्थानीय तहहरूलाई देहायअनुसारका सामाग्रीहरू खरिद गरी मौज्दात राख्न अनुरोध गर्ने ।

क) Bleaching Powder ५०० प्याक,
ख) हात धुने साबुन ५०० पिस,
ग) मास्क ५०० थान,
घ) धारासहितको बकेट २ सेट,
ङ) स्यानिटाइजर (Sanitizer) १० पिस,
च) Bleaching Power कालागि Spray ३ पिस,
छ) १० वटा बेडकालागि आवश्यक डस्ना/म्याट्रेस, ब्लाङ्केट, सिरानी तथा तन्ना १० सेट ।

३। विदेशबाट आई जिल्ला प्रवेश गर्ने सबै व्यक्तिको जिल्ला प्रवेशको पहिलो विन्दु, हर्कपुर, सांघुटार, सिरिसे ढाँडे, नवलपुर, रुम्जाटार विमानस्थलमा संक्षिप्त व्यक्तिगत विवरण लिएपश्चात मात्र जिल्ला प्रवेशको व्यवस्था मिलाउने । सोकार्यको संयोजनकालागि नाका रहेका सम्बन्धित पालिका कार्यालय तथा प्रहरी चौकीहरुले गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

४। जिल्ला प्रशासन कार्यालय, ओखलढुँगा परिशरको पूर्वतर्फको खाली जग्गा नजिकै रहेको राजमार्गसँगैको पहिरोको कारणले विगतका वर्ष देखिनै जोखिमपूर्ण रहेकोमा उक्त क्षेत्रमा आगामी वर्षातको समय सुरु हुनु अगावै रिटेनिङ्ग पर्खाल लगाई जोखिम न्यूनिकरण गर्दै भू-संरक्षण गर्न भू तथा जलाधार व्यवस्थापन कार्यालय, ओखलढुँगाबाट आकस्मिक भू-संरक्षण कार्यक्रममार्फत रु. ५ (पाँच) लाखको परिधिभित्र रही उक्त क्षेत्रको संरक्षणको लागि अनुरोध गर्ने ।

५। चैत्र र बैशाख महिनामा हावाहुरी चल्ने र सो का कारण आगलागीका घटना हुनसक्ने भएको हुँदा सिद्धिचरण नगरपालिकामा रहेको बारुणयन्त्रलाई तैनाथी अवस्थामा राख्ने, सबै सुरक्षा निकाय र सरोकारवाला निकायहरू आगलागी नियन्त्रणका लागि रहेका सामग्रीहरु तैनाथी अवस्थामा राख्ने, र सबै स्थानीय तहहरूले आफ्नो क्षेत्रमा आगलागीको बढी जोखिम भएको क्षेत्रको पहिचान गरी स्थानीयस्तरको आगलागी पूर्व तयारी र प्रतिकार्य योजना तयार गरी पठाउन यस अघिको बैठकको निर्णयानुसार अनुरोध गरिएकोमा हालसम्म पनि प्राप्त नभएको हुँदा आगामी चैत्र १५ गतेभित्र जिल्ला विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउने निर्णय गरियो ।

६। जलस्रोत तथा सिंचाइ विकास डिभिजन, ओखलढुंगामार्फत प्रदेश सरकारको आर्थिक सहयोगमा प्रस्तावित एकीकृत सिद्धिचरण नगरपालिका जलस्रोत व्यवस्थापन आयोजना, ओखलढुंगामा आगलागीजस्ता प्रकोपको समयमा प्रयोग गर्न अति आवश्यक पर्ने पानी ट्याङ्की निर्माण र वितरणको व्यवस्था मिलाउन विपद् व्यवस्थापन समिति ओखलढुंगाले आवश्यक सहयोग समन्वय गर्ने र आवश्यक प्रक्रियाकालागि प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १ मा सिफारिस गर्ने ।